# संरक्षित क्षेत्र र जनताबीचको द्वन्द्व

■ सोमत घिमिर*

## परिचय

नेपालमा दरबारियाहरूले सिकार खेल्ने र मनोरञ्जन गर्ने कोणबाट निकुञ्ज र आरक्षहरू स्थापित भएका हुन् । दरबारियाहरूको चासो र पश्चिमाहरूको बढ्दो उपभोक्तावादको संयोजनले नेपालमा वि.स. २०२७ देखि राष्ट्रिय निकुञ्जहरू स्थापना भए । जैविक विविधताको हवाला दिए पनि जैविक विविधता संरक्षणको कोणबाट भन्दा अरू धेरै स्वार्थहरूले आजसम्म संरक्षित क्षेत्रहरूले महत्व पाउदै आएका छन् । गजबको कुरा के छ भने दरबारिया चासोसँग अभिन्न रूपमा जोडिएका निकुञ्ज र आरक्षहरूको संख्या देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएपछि पनि किन थपिँदैछ ? गणतान्त्रिक कालमा दुईओटा संरक्षित क्षेत्र (अपीनम्पा र गौरीशंकर) र एउटा राष्ट्रिय निकुञ्ज (बाँके) थपिए । यसबाट सोझै बुझ्न सकिन्छ कि दरबारिया चासोमा रहेको राष्ट्रिय निकुञ्ज अब राजनीतिक नेताको प्राथमिकता सूचीमा परेको छ । किन यसरी संरक्षित क्षेत्र थप्ने कुरा दलहरूको प्राथमिकतामा पऱ्यो ? के कुराले दलहरूलाई आकर्षित गऱ्यो ? दलहरू कर्मचारीतन्त्र र विदेशी दाताहरूको फन्दामा किन परे ? कुरा सोझो छ, अहिले आउने दान, अनुदानहरू धेरै बाघ, गैंडा वा जैविक विविधताका नाममा आइरहेछन् । त्यस्तो रकम भित्र्याउनाका लागि कुनै विधि र प्रक्रिया नअपनाई संरक्षित क्षेत्र धमाधम थपिइरहेको छ ।

देशमा संरक्षण क्षेत्र थप्ने कामसँगै स्थापित भएका निकुञ्ज-आरक्षभित्रका विवाद पनि जारी छन् । स्थानीय समुदाय राष्ट्रिय निकुञ्ज, आरक्ष र संरक्षित क्षेत्रको व्यवस्थापन प्रणालीसँग संगठित रूपमा प्रतिरोध गरिरहेछन् । थपिएका तीन क्षेत्रमा त घोषणा भएको एक महिना नबित्दै स्थानीय जनताको प्रतिरोध सुरु भयो । नागरिकले सामान्य किसिमले विरोध जाहेर गरेका मात्रै पनि छैनन्, कहिले निकुञ्जका अगाडि धान रोपेर त कहिले ऐन नै जलाएर राज्यलाई ठाडो चुनौती दिएका छन् । तर, सरकारको ध्यान यस्ता कुराको सुनुवाइ र व्यवस्थापनतिर भन्दा संख्या थप्नेतिर नै धेरै गइरहेको छ । खासगरी स्थानीय जनता र निकुञ्ज, आरक्ष तथा संरक्षित क्षेत्रबीचको अन्तर्द्वन्द्वलाई नियाल्ने हो भने अन्तर्विरोध चार किसिमका देखिएका छन् । पहिलो, स्थानीय आदिवासी जनजातिको प्रकृतिसँग जोडिएको सम्बन्ध र जीविकोपार्जनलाई लिएर मुखरित भएको छ । अर्थात् खोला र जंगलसँग जोडिएको स्थानीय जनताको परम्परागत सम्बन्धलाई अहिलेको व्यवस्थापन प्रणालीले इन्कार गरेको छ । माछा मार्ने समुदायको परम्परागत जीविकोपार्जनको अधिकारलाई मात्रै हेर्ने हो भने पनि स्थिति डरलाग्दो छ । तीनओटा निकुञ्ज र आरक्षबाट मात्रै २७५० घरधुरी परम्परागत पेसाबाट विस्थापित भएका छन् । एक अध्ययनअनुसार माछा मार्ने समुदायको स्थिति निम्नअनुसार छ :

**संरक्षित क्षेत्रआसपास रहेका माछा मार्ने समुदायको एक झलक (घिमिरे २००९)**

| जाति | संरक्षित क्षेत्र | घरधुरी | खोला/नदी | जग्गाको स्वामित्व | परम्परागत जीविका |
|---|---|---|---|---|---|
| सोनाहा | बर्दिया राष्ट्रिय निकुञ्ज | १५० | कर्णाली, गेरुवा | अधिकांश भूमिहीन | नदीमा माछा मार्ने, बर्दिया राष्ट्रिय निकुञ्जबाट जीविकाका स्रोत संकलन गर्ने, डुंगा चलाई मानिस तार्ने, सुन चाल्ने । |

| जाति | संरक्षित क्षेत्र | घरधुरी | खोला/नदी | जग्गाको स्वामित्व | परम्परागत जीविका |
|---|---|---|---|---|---|
| माझी, मलाहा, मुखिया, गुण्डि, सादा, मुसहर, मुसलमान | कोसीटप्पु वन्यजन्तु आरक्ष | ६०० | कोसी नदी, त्रियुगा नदी, सिमसार पोखरी र दलदल | ९५ प्रतिशतभन्दा माथि भूमिहीन | नदीमा माछा मार्ने, कोसी टप्पु वन्यजन्तु आरक्षबाट जीविकाका स्रोत संकलन गर्ने, डुंगा चलाई मानिस तार्ने, सुन चाल्ने, कृषि । |
| माझी, मुसहर, कुमाल, दराई र बोट | चितवन राष्ट्रिय निकुञ्ज | २००० | नारायणी, राप्ती, रिउ | ९० प्रतिशतभन्दा माथि भूमिहीन | नदीमा माछा मार्ने, चितवन राष्ट्रिय निकुञ्जबाट जीविकाका स्रोत संकलन गर्ने |

दोस्रो मानव अधिकारसँग जोडिएको सवाल छ । मानव अधिकारको सवाललाई हेर्दा तीनओटा प्रकृति देखिन्छन् । निकुञ्ज र आरक्षको सुरक्षार्थ खटिएका सेना र स्थानीय जनताको सम्बन्ध अर्थात् सेनाले स्थानीय समुदायमाथि गरेको कुटपिट, महिला अस्मितामाथि धावा बोलेको जस्ता विषय पर्छन् । चितवनमा गरिएको एक अध्ययनअनुसार सात गाविसमा १६१ बालबालिकाहरू सेनाको अवैद्य सम्पर्कबाट जन्मिएका छन् । अधिकारको दृष्टिकोणले हेर्दा महिला र बालबालिकाको स्थिति कहालीलाग्दो छ । तेस्रो, मानवअधिकारको जबर्जस्त मान्यता जिउधनको सुरक्षा हो । यो दृष्टिकोणबाट हेर्दा जंगली जनावरबाट मानिस मरिरहेछन् । यस वर्षमात्रै अर्नाको कारणले सप्तरी र सुनसरीमा तीनजनाको अकालमै ज्यान गयो । सन् २००६ देखि अहिलेसम्म (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको वार्षिक प्रतिवेदनलाई नै आधार मान्दा) हात्तीको आक्रमणबाट २७, गैंडाको आक्रमणबाट १२ र बाघको आक्रमणबाट १२ जनाको मृत्यु भइसकेको छ । घाइते र अपांगहरूको संख्या कतै दस्तावेजीकरण भएको छैन । स्थानीय समुदायका अनुसार मर्नेहरूको संख्याभन्दा कयौं गुणा बढी घाइते र अंगभंग हुनेहरूको संख्या रहेको छ । चौथो, जंगली जनावरबाट अन्नबालीको नोक्सानी, घर भत्काउने क्रमको आजसम्म तथ्यपरक अनुसन्धान भएकै छैन । यी सबै विषय अनुसन्धान गरी एकै ठाउँमा राख्ने हो भने पर्यटकबाट आउने निकुञ्जको आम्दानी निकै न्यून देखिन सक्छ ।

अर्को विवाद नागरिक नेतृत्वको हो । अहिले प्राकृतिक स्रोतको व्यवस्थापन गर्ने मुख्य हकदार को हो ? राज्य मात्रै हो कि समुदाय एक्लै हो या राज्य र समुदाय मिलेर हो ? यस्ता धेरै प्रश्नहरूमा सार्वजनिक बहस भएको छैन । पञ्चायती हैकमवादी समाजमा कल्पना गरिएका राष्ट्रिय निकुञ्ज र आरक्षहरू लोकतान्त्रिक सरकारको नेतृत्व र नियन्त्रणमा छन् । नागरिकमाथि सरकारले भरोसा गर्न सकेकै छैन । भरोसा सेना र कर्मचारीमार्फत गरेर राज्यले निकुञ्ज र आरक्ष नियन्त्रणमा लिएको छ । यी कुराले द्वन्द्वलाई उजागर र मलजल गरेको छ । कुनै पनि संरक्षित क्षेत्रमा पर्ने मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने नागरिक सन्तुष्ट छैनन् । यतिका धेरै असन्तुष्टिका बीचमा कसरी जैविक विविधताको संरक्षण होला ? यति धेरै असन्तुष्टिका बीचमा किन निकुञ्ज र आरक्षहरू थप्नुपरेको होला ? नागरिकहरू रिसाइरहेको बखत कसको स्वार्थका लागि यो काम भएको होला ? निकुञ्ज-आरक्षहरू थप्नुको कारण जैविक विविधताको संरक्षण नै हो वा अरू कुनै स्वार्थ छ ? यस्ता अनेकन प्रश्नहरू छन्, जसको उत्तर सरकारले दिनुपर्दैन ? लोकतन्त्रमा जवाफदेही र उत्तरदायीको अर्थ यस्तो सन्दर्भमा के होला ?

फरक कोणबाट हेर्दा सरकारलाई जनता र संरक्षित क्षेत्रबीच द्वन्द्व छँदै छैन भन्ने पनि लाग्दैन । एक प्रकारले द्वन्द्व स्वीकार गरेर नै सरकारले मध्यवर्ती क्षेत्र विकास कार्यक्रम लागू गरेको छ । नागरिकको नेतृत्व अस्वीकार गरिएको छ तर सहभागितालाई भने कमजोर रूपमा स्वीकार गरिएको छ । २०२९ सालबाट २०५२ सालसम्म आइपुग्दा मध्यवर्ती क्षेत्र विकास कार्यक्रम एउटा सकारात्मक फड्को हो । तर, २०५२ देखि हालसम्म अर्थात् १६ वर्षसम्म मध्यवर्ती क्षेत्र विकास कार्यक्रम लागू गर्दा पनि द्विन्द्व किन घटेनन् ? अब द्वन्द्व घटाउन के

गर्ने ? राज्यको चासोमा नपर्नु आफैंमा अनौठो छ। मध्यवर्ती क्षेत्र विकास कार्यक्रमको एउटा परिकल्पना के हो भने निकुञ्ज र आरक्षबाट आएको आम्दानीको ३० देखि ५० प्रतिशत रकम स्थानीय समुदायको विकास निर्माणमा खर्च गर्दा जनता सन्तुष्ट हुन सक्छन् तर यो परिकल्पना आफैंमा सकारात्मक भए पनि यसले स्थानीय समुदायका द्वन्द्वका घाउहरू मेट्न सकेन। कहाँनेर अन्तर्विरोध रह्यो मध्यवर्ती विकास कार्यक्रम र जनताको ? अब विश्लेषण गर्नुपर्ने पाटो रहेको छ।

लोकतन्त्रको सामान्य मान्यता हो जनप्रतिनिधिहरूको नेतृत्व तर राष्ट्रिय निकुञ्ज र आरक्षहरूको व्यवस्थापनको सवालमा जनप्रतिनिधिहरूको संरचना भनेको मध्यवर्ती क्षेत्र विकास परिषद् नै मान्नुपर्छ। कानुनी रूपमा मध्यवर्ती विकास परिषद्लाई अत्यन्तै कमजोर बनाइएको छ। सिंगो मध्यवर्ती विकास परिषद् प्रमुख संरक्षण अधिकृतको नियन्त्रणमा रहने कानुनी व्यवस्था छ। यो विकेन्द्रीकरणका हिसाबले पनि अनौठो हो। विकेन्द्रीकरणको अर्थ भनेको अधिकार जति सक्यो जनप्रतिनिधिहरूकोमा पुऱ्याउनु हो। तर, निकुञ्ज-आरक्ष व्यवस्थापनको सवालमा कर्मचारीसँग अधिकार पुऱ्याई विकेन्द्रीकरणको अभ्यास चलिरहेको छ। अधिकारविहीन भएका कारणले परिषद् जनताप्रति उत्तरदायी र जवाफदेही हुनुपरेको छैन। जति बेलासम्म जनप्रतिनिधिहरूलाई जनताप्रति जवाफदेह र उत्तरदायी बनाइदैन तबसम्म यो द्वन्द्व जारी रहन सक्छ। यो द्वन्द्वलाई न्यूनिकरण गरी जैविक विविधता संरक्षणमा सकारात्मक फड्को मार्ने हो भने परिषद्लाई एक स्वायत्त र अधिकारसम्पन्न निकायका रूपमा स्थापित गर्नु जरुरी छ।

मध्यवर्ती क्षेत्र विकास कार्यक्रमलाई नै लिएर विश्लेषण गर्दा विकास निर्माणका एजेन्डाहरू सूचीबद्ध गरिएका छन्। ती सूचिकृत एजेन्डाहरूले स्थानीय सन्दर्भ र समस्यालाई समेट्न सक्दैनन्। खर्चका लागि निम्न पाँच बुँदाहरू केन्द्रीय रूपमा नै प्रस्तुत गरिएको छ :

| | |
|---|---|
| क. संरक्षणसम्बन्धी कार्यक्रम | ३० प्रतिशत |
| ख. सामुदायिक विकास कार्यक्रम | ३० प्रतिशत |
| ग. आयमूलक र सीप विकास कार्यक्रम | २० प्रतिशत |
| घ. संरक्षण शिक्षा कार्यक्रम | १० प्रतिशत |
| ङ. प्रशासनिक खर्च | १० प्रतिशत |

प्रस्तुत गरिएका यी शीर्षकहरूले स्थानीय स्तरमा अप्ठ्याराहरू उत्पन्न गरेको देखाउँछन्। शीर्षक यसरी प्रस्तुत गरिए पनि आपसी सहमतिका आधारमा स्थानीय स्तरमा कार्यसम्पादन हुँदै आएको छ। माथिको अव्यावहारिक ढाँचालाई हुबहु कहीं पनि लागू गरिएको छैन र लागु गर्न सम्भव पनि छैन। यस्तो स्थितिमा कस्तो परियोजनामा कसरी खर्च गर्ने भन्ने अधिकार स्थानीय समुदाय, उपभोक्ता समूह र मध्यवर्ती विकास समितिको सिफारिसमा मध्यवर्ती क्षेत्र विकास परिषद्ले निर्णय गर्नु उपयुक्त हुन्छ। अहिले खर्च पनि हुने, जनता सन्तुष्ट पनि नहुने प्रक्रिया चलिरहेको छ।

मध्यवर्ती विकास परिषद्को निर्वाचन प्रक्रिया समावेशी अवधारणामा आधारित छैन। समावेशी सवाल २०५५- ०५६ देखि नेपाली राजनीतिमा विस्तारै पस्यो। यो नियमावली २०५२ मा नै आएको हुनाले समावेशी मुद्दासँग यसको कुनै साइनो छैन। अहिले १२ वटा मध्यवर्ती क्षेत्र विकास परिषद्मा एकजना मात्रै महिला अध्यक्ष (बाँके) छिन्। जनजाति एउटा मात्रै राष्ट्रिय निकुञ्ज (पर्सा) मा छन् र एकजना दलित चितवन राष्ट्रिय निकुञ्जमा अध्यक्ष छन्। अझ परिषद्को संरचना हेर्ने हो भने चितवन, नवलपरासी बोटे-माझीहरूको घना बस्ती भएको क्षेत्र हो। राष्ट्रिय निकुञ्जको परम्परागत काल देखिनै संरक्षण र स्रोतको सदुपयोग गर्दै आएका बोटे माझीहरू अझै पनि मध्यवर्ती विकास परिषद्मा सहभागीता छैन्। यस दृष्टिकोणबाट विश्लेषण गर्दा कसरी समावेशी बनाउन सकिन्छ ? समावेशी निर्वाचन प्रक्रिया कस्तो हो ? यो छलफल गर्नुपर्ने अर्को एउटा विषय हो।

अहिले मध्यवर्ती क्षेत्र विकास परिषद्ले के कुरामा खर्च गरेको छ ? विश्लेषण गर्ने हो भने धेरै भौतिक पूर्वाधार देखिन्छ। स्कुल बनाइएका छन्। बाटोमा ग्राभेल हालिएको छ। कतै शिक्षक पालिएका छन्। कतै सिंचाइको व्यवस्था भएको छ। यस्ता एजेन्डाहरूबाट सीमान्तकृत समूहले फाइदा पाउन सक्दैनन् अर्थात् यी उच्च र मध्यम वर्गका मानिसका एजेन्डा हुन्। चितवन, नवलपरासीका बोटे, माझीलाई होस् वा बर्दियाका सोनाहा जातिलाई, बाटो कालोपत्र गर्नु र नगर्नुले खासै अर्थ राख्दैन। वर्षौंदेखि भूमिहीन बन्दै आएका आदिवासी जनजातिलाई सिंचाइको के महत्व ? कृषि कार्यक्रमको

के अर्थ ? गरिब आदिवासी जनजाति समूहहरू यो स्रोतबाट बन्चित भएका छन् । जो साँच्चै नै राष्ट्रिय निकुञ्जबाट अप्ठ्यारोमा परेका छन् । जसलाई स्रोतको खाँचो छ उनीहरू नै स्रोतबाट बन्चित भएपछि मध्यवर्ती क्षेत्र विकास कार्यक्रमको परिकल्पनामा नै आघात पुगेको छ । तसर्थ यस्तो स्रोत कसरी सीमान्तकृत समूहको एजेन्डामा खर्च गर्ने ? त्यसका लागि कस्तो खालको निर्देशिका बनाउने ? योजना छनोट विधिहरूमा केकस्ता फेरबदल ल्याउने ? सबै सरोकारवालाका बीचमा सार्वजनिक बहस जरुरी छ । सीमान्तकृत र गरिब समूहहरूको खाद्यसुरक्षामा यो स्रोत कसरी उपयोगी हुन सक्छ भन्ने बाटो खोज्न सके, द्वन्द्व घटाउने अर्को एउटा उपाय हुन सक्छ ।

सहभागितालाई स्वीकार गरेको जस्तो देखिए पनि निकुञ्ज, आरक्ष मात्र होइन, स्वयं मध्यवर्ती क्षेत्र पनि एक खालको निकुञ्जको मौजा बन्न पुगेको छ । मध्यवर्ती क्षेत्रका असंख्य स्रोतहरू खेर गइरहेका छन् । सरकार आफू व्यवस्थापन गर्न सक्ने हैसियतमा छैन । वन्यजन्तु संरक्षण विभागका एक महानिर्देशकको भनाइअनुसार सरकारसँग त्यस्तो स्रोत व्यवस्थापनका लागि दक्ष जनशक्ति नै छैन । खासमा दक्ष होइन, जनशक्ति नै नभएको तथा प्राथमिकतामा पनि नभएको देखिन्छ । यदि कुरा यस्तो हो भने यस्ता धेरै स्रोतहरूलाई सामुदायिक अधिकारमा आधारित व्यवस्थापन प्रणालीमा लैजान जरुरी छ । सप्तरीको कमलपुर गाविसमा रहेको ठूलो कमल दह एउटा उदाहरणमात्र हो, जहाँ स्थानीय मलाहा समुदायले यसको संरक्षण, व्यवस्थापन र उपयोगमा यति राम्रो तदारुकता देखाइरहेका छन् तर सरकार आलटाल गरिरहेको छ । मध्यवर्ती क्षेत्रभित्र रहेको वन, पानी, पोखरी, जलाशय, ताल, सार्वजनिक जग्गाजस्ता असंख्य स्रोतहरू न सरकार आफैंले व्यवस्थापन गर्न सकेको छ न त जनतालाई विश्वास गरेर व्यवस्थापन गर्न दिएको छ । अबको एउटा बाटो यस्ता स्रोतहरू सामुदायिक अधिकारमा आधारित समुदायबाट व्यवस्थित क्षेत्रका रूपमा अगाडि बढाउन जरुरी छ । स्थानीय नागरिकहरूको मुख्य आवाज भनेको स्रोतमाथिको अधिकारमा हो । स्थानीय नागरिकहरू निरन्तर आफ्नो स्रोतमाथि आफ्नो अधिकारको दाबी गरिरहेका छन् तर सरकार अधिकारको दृष्टिकोणबाट भन्दा पनि पुलपुलेसा अर्थात् केही विकास गरिदिने अवधारणाले द्वन्द्व निरूपण भएको हेर्न चाहन्छ । बदलिँदो राजनीतिक परिवेशले विकासको टालटुले अवधारणाबाट द्वन्द्व निरूपण सम्भव छैन । नागरिकको नेतृत्व र स्रोतमाथि उनीहरूको अधिकार स्थापित नगरीकन द्वन्द्व निरूपण हुने अर्को बाटो देखिएको छैन ।

## सन्दर्भ सामाग्री

**घिमिरे, सोमत** । २००९ । जैविक विविधता र जनजीविका, "संरक्षणमा अन्तरविरोध, प्रतिरोध तथा विकल्प" । मर्टिन चौतारी, काठमाण्डौं ।

●●●

* *घिमिरे सामुदायिक विकास संगठनमा कार्यरत हुनुहुन्छ ।*